लोकतान्त्रिक गणतन्त्रको एकमात्र आधार "सत्य, तथ्य र खोजमुलक समाचारको संबाहक"



# कृपा दैनिक

❖ वर्ष :- ४ ❖ अंक - ३२० ❖ २०६४ माघ ११ गते शुक्रवार 2008 Jan 24 ❖ मूल्य रू. २/- ❖ पृष्ठ संख्या :- ४

## जिल्ला प्रशासन भित्र चोरी

■कृपा संवाददाता———

कलैया , १० माघ / बारा जिल्ला प्रशासन कलैयाको कार्यालय भित्रबाट बिहिबार चोरी भएको समाचार जानकारी हुन आएको छ । जिल्ला प्रशासन कार्यालयको तल्लो तल्लामा रहेको बाथरुमबाट धाराको टुप्पि, ऐना त्यसैगरी माथिल्लो तल्लाबाट पनि धाराको टुप्पि, ऐना र बिजुलीको चिम चोरी भएको छ। सुरक्षा निकायको मुख्य कार्यालयको रुपमा रहेको जिल्ला प्रशासनबाट चोरी भएपछि बाराको बिभिन्न नाका र जंगलबाट हुने चोरी डकैती तथा तस्करी कसरी नियन्त्रण होला भन्ने चर्चाले कलैयामा ब्यापकता भएको छ । अर्को तर्फ जिल्ला प्रहरी र शसस्त्र पहरिको निगरानिमा रहेको जिल्ला प्रशासनबाट चोरी हुनु सुरक्षा व्यवस्थालाई खिल्लि उडाएको बारालि जनताले महसुस गरेका छन् ।

# बीरगंज नाकाबाट पशुजन्य पदार्थ आयातमा प्रतिबन्ध

## बर्ड फ्ल्यू सम्बन्धमा उच्च सतर्क रहन निर्देशन

■कृपा संवाददाता———

बीरगंज, १० माघ / छिमेकी राष्ट्र भारतको बिहारमा समेत वर्ड फ्ल्यू फैलिएको समाचार प्रकाशमा आएपछि पशु क्वारेन्टाईन चेक पोष्ट र जिल्ला प्रशासन कार्यालय पर्साले बिरोध सतर्कता अपनाउने भएको छ।

बिहीवार जिल्ला प्रशासन कार्यालयमा बसेको सर्व पक्षीय बैठकले भारतको सिमनासंग बीरगंजको नाका जोडिएका कारण भारतबाट पशुजन्य पदार्थ आयलमा प्रतिबन्ध लगाइने निर्णय भएको जनाइएको छ।

भारतबाट पशुजन्य पदार्थ नेपाल नभित्रियोस भन्नाका लागि पशु क्वारेन्टाइन चेक पोष्टलाई उच्च सतर्कता चौबिसै घण्टा राख्ने निर्णय भएको र राखिसकिएको क्वारेन्टाइन चेक पोष्टका प्रमुख डा. संजय यादवले जनाउनुभयो।

नेपालमा बर्ड फ्ल्यू नफैलियोस् भन्नका लागि पर्साका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा एघार सदस्यीय अनुगमन टोली गठन गरिएको पनि बताइएको छ।

यसैबीच उद्योग वाणिज्य संघ, बाराले बारा जिल्ला भित्र प्राणघातक रोग वर्ड फल्यू फैलन सक्ने आशंकालाई ध्यानमा राखी उच्च सतर्कता अपनाउन निर्देशन दिएको छ।

विहीवार कलैयामा बसेको सो संघको बैठकले यस्तो निर्देशन दिने निर्णय गरेको अध्यक्ष शिवनाथ शर्माले



जानकारी दिनुभयो।

बिशेषगरी सिमावर्ती क्षेत्रहरुमा सर्तकता अपनाउनका लागि संघ अन्तरगतका सबै शाखालाई निर्देशन दिएको शर्माले बताउनुभयो।

पशुपंक्षीबाट सर्ने सो रोग छिमेकी राष्ट्र भारतका बिभिन्न ठाउंमा फैलिएको समाचार सार्वजनिक भएपछि नेपालमा न फैलियोस् भन्ने उद्देश्यले पर्सा तथा बारामा विशेष सर्तकता अपनाइएको हो। बर्ड फ्ल्यू नेपाल नफैलियोस् भन्नाका लागि नेपालका सिमनामा विशेष सर्तकता अपनाइएको बताईएको छ।

## रौतहटका माओवादी पुन: आन्दोलनमा

■कृपा संवाददाता———

रौतहट, १० माघ / नेकपा माओवादीले गौर हत्याकाण्डमा संलग्न रहेकाहरुलाई कारवाही नगरेको र आफना कार्यकर्तालाई प्रशासनले रिहा नगरेको भन्दै पुन: आन्दोलनमा ओर्लिएको छ।

माओवादी जिल्ला संगठन समिति रौतहटले मंगलबारबाट १५ दिने बिभिन्न किसिमका आन्दोलनका कार्यक्रम सन्चालन गर्ने निर्णय गरेपछि वुधवार देखि माओवादी कार्यकर्ताहरु जिल्ला प्रशासन कार्यालय रौतहटमा धर्नामा वसेका छन्।

गौर घटनाका दोषी भन्दै माओवादीले १ सय २७ जनाको नाममा मंसिर महिनामा जाहेरी दर्ता गराएकोमा हालसम्म एकजनालाई पनि पक्राउ नगरेको र स्थानीय प्रशासनसंग भएको सहमति अनुसार आफ्ना नेता जयराम यादवलाई रिहा नगरेको भन्दै माओवादीले पुन: आन्दोलन गर्न लागेका हुन्। गएको चैत ७ गते मधेशी जन अधिकार फोरम र माओवादीले गौरको एकै स्थानमा कार्यक्रमको आयोजना गर्दा दुवै पक्षबीच भएको झडपमा माओवादी तर्फका २७ जनाको ज्यान गएको थियो भने ५० भन्दा बढी माओवादी कार्यकर्ता घाइते भएका थिए। जाहेरीको बिषयमा अनुसन्धान भइरहेको र पक्राउ परेका कार्यकर्ताको सम्वन्धमा कानुन बमोजिम कारवाही हुने प्रमुख जिल्ला अधिकारी दुर्गा प्रसाद भण्डारीले बताउनुभयो।

## सभाको पुर्व सन्ध्यामा मोटरसाइकल ऱ्याली सभा विथोल्ने गरी जिल्ला बन्दको आह्वान

■कृपा संवाददाता———

बीरगंज, १० माघ / सात दलीय गठबन्धनको सरकारले आयोजना गरेको संयुक्त चुनावी सभालाई सफल बनाउनका लागि माओवादी निकटको वाई सिएलले मोटरसाईकल ऱ्याली निकालेको छ।

बिहीवार सदरमुकाम बीरगंजबाट निस्किएको सो मोटरसाईकल ऱ्याली जिल्लाको दुर्गम गाविस ठोरीमा पुगी अन्त्य हुने बताइको छ। यही माघ १६ गते बीरगंजमा आयोजना गरिएको चुनावी सभालाई लक्षित गरी यसरी वाई सि एलले मोटरसाईकल ऱ्यालीको आयोजना गरेको हो।



सभाको पुर्व सन्धामा वाई सि एलले निकालेको मोटरसाईक ऱ्याली। *तस्विर: राम क्षेत्री*

यसैबीच सात दलले आयोजना गरेको चुनावी सभालाई लक्षित गरी संयुक्त मधेशी मोर्चा लगायतका केही भूमिगत मधेशी संगठनहरुले धनुषा बन्दको आह्वान गरेका छन्। यही माघ १२ गते जनकपुरमा हुने सो सभालाई लक्षित गरी बन्दको आह्वान गरिएको जनाइएको हो।

## प्रशासनद्वारा बाराली संचारकर्मीलाई सुरक्षा दिने निर्णय

## महासंघ पर्सा शाखाको अधिवेशनको तिथि तय

■कृपा संवाददाता———

कलैया, १० माघ / बाराका क्रियाशिल पत्रकार बिरेन्द्र साहको हत्या पश्चात असुरक्षा भित्र रहेर समाचार संकलन गरिरहेका बाराली संचारकर्मीलाई स्थानीय प्रशासनले सुरक्षा प्रदान गर्ने भएको छ।

जिल्ला प्रशासन कार्यालय, बारामा बिहीवार बसेको सुरक्षा संग सम्बन्धित व्यक्तिहरु र संचारकर्मीहरुको छलफल पश्चात यस्तो निर्णय प्रशासनले गरेको हो। बिशेष गरी संचारकर्मीको अवास क्षेत्रमा र फिल्डमा समाचार संकलन गर्दा सुरक्षा प्रदान गर्ने निर्णय भएको बताइएको छ।

बारा जिल्ला भित्र कार्यरत सबै संचारकर्मीको ठेगाना र टेलिफोन नम्बर समेत पत्रकार महासंघ बारासंग प्रशासनले मागेको छ। छलफलमा बाराली संचारकर्मीका अलवा बाराका प्रमुख जिल्ला अधिकारी कमलेश कुमार सिन्हा, प्रहरी उपरिक्षक हेमन्त पाल, सशस्त्र प्रहरी उपरिक्षक श्याम कोइराला लगायतका सुरक्षा अधिकारीहरुको उपस्थिति रहेको थियो।

उता, नेपाल पत्रकार महासंघ पर्सा शाखाको अधिवेशनको तिथि तय भएको छ। बिहीबार बसेको शाखा अन्तरगतको कार्य समितिको बैठकले फागुन १ गतेका लागि अधिवेशनको तिथि तय गरेको शाखाका अध्यक्ष शत्रुघन नेपालले जानकारी दिनुभयो।

अधिवेशनलाई सफल पार्नकालागि शिव शंखरको

- शेष: पृष्ठ ३ मा

## शान्ति मन्त्रालयको टोली पर्सामा

■कृपा संवाददाता———

बीरगंज, १० माघ / एघार बर्षे जनयुद्धका क्रममा भोग्न परेको पीडा र १९ दिने जनआन्दोलनका क्रममा पर्सेली जनताले भोग्न परेको पीडा



बीरगंज आई पुगेको टोलीले पर्सा जिल्लाको स्थितिबारे जानकारी लिंदै। *तस्विर: राम क्षेत्री*

बुझ्न शान्ति तथा पुन: निर्माण मंत्रालयको एक टोली बीरगंज आइपुगेको छ।

बिहीवर दिउंसो बीरगंज आइपुगेको सो टोलीले रेडक्रस भवनमा एक कार्यक्रको आयोजना गरी पर्साका नागरिक समाज, राजनीतिक दल र संचारकर्मीसंग सो बारेमा जनकारी लिएको थियो।

- शेष: पृष्ठ ३ मा

## बिभेदकारी नीति अन्त्य गर्न आग्रह

■कृपा संवाददाता———

बीरगंज, १० माघ / सामाजीक जिल्ला समन्वय समिति पर्सा र जागृती नेपालले मधेशमा भएको तयार पारिएको घोषणा पत्र सार्वजनिक गर्दै उक्त कुराको आग्रह गरेका हुन्।

जारी १९ बुंदे घोषणा



प्रतिवेदन प्रस्तुत गरिंदै। *तस्विर: राम क्षेत्री*

विभेदकारी नीति तत्काल अन्त्य गर्नका लागि आग्रह गरेको छ।

बिहीबार पत्रकार महासंघ, पर्सा शाखाको सभाहलमा आयोजित पत्रकार सम्मेलन मार्फत ति संस्थाहरुले गत पुष महिनामा गरिएको सर्वेक्षणको आधारमा पत्रमा अन्तरिम संविधानले मधेशीको हकको सुनिश्चितता नगरेको सरकारी कार्यालयमा मधेशी मुलका नागरिकको आरक्षणका व्यवस्था नगरिएको लगायतका कुरा उल्लेख गरिएको छ।

## मोटरसाइकल चोर पक्राउ

■कृपा संवाददाता———

सिमरा, १० माघ / बारा जिल्लाको पिपरा सिमरा गाविसका एक पेशेवर मोटरसाईकल चोरलाई प्रहरीले पक्राउ गरेको छ। सिमरा एयरपोर्ट बेस क्याम्पका प्रहरी नायब निरिक्षक महेन्द्र मुखियाको नेतृत्वमा खटिएका टोलीले सोही गाविस वडा नं. ४ का प्रल्हाद रिमाललाई पक्राउ गरेको हो। रामचन्द्र साहको ना. ४ प. ८७४२ नम्बरको मोटरसाइकल मंगलबार चोरी नम्बर प्लेट बदली रहेको अवस्थामा प्रहरीले उनलाई पक्राउ गरेको उक्त वेस क्याम्पसले जनाएको छ। रिमाललाई ईलाका प्रहरी कार्यालय, सिमरामा बुझाइएको बेस क्याम्पका प्रहरी नायब उपरिक्षक मुखियाले बताउनुभयो। प्रहरीसंगको बयानका क्रममा आफूले हालसम्म एघारवटा मोटरसाइकल चोरी सकेको बयान दिएको ईलाका प्रहरी कार्यालय सिमराले जनाएको छ।

## सडकमा उत्रिएर टायर बालेपछि मात्र सुन्दो रहेछ सरकारले भन्छन्, जनता

**कृपा दृष्टि**

नेपालमा अहिले रहेको सरकार बहिरो र अन्धो दुवै छ भन्ने भ्रम जनतालाई परेको छ। सामान्य नागरिकका पीर, व्याथा र वेदना वर्तमान सरकारले सुन्दैन। सरकारलाई सुनाउनका लागि सडकमा उत्रिनुपर्छ अनि तोडफोड र अराजकता मच्चाउनुपर्छ।

हुनसक्छ सरकारका पनि आफ्नै वाध्यता तर जनतापनि छन्, अहिले सबै निर्णय लागु गर्दा केही असर पर्छकी भनेर सोचेर मात्रै निर्णय गर्ने पर्नेमा हतारमा निर्णय गरेर जनतालाई सडकमा उतारपछि सरकार फेरि निर्णयलाई फिर्ता लिन्छ।

यसको पछिल्लो उदाहरण पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धि नै हो। जनताको ढाड सेक्ने गरी मूल्य बढाएर अनि चैनका साथ निदाएको सरकार दुईदिन सम्म जनता सडकमा उत्रिएपछि वाध्य भएर मूल्य फिर्ता लियो।

सबैले बल प्रयोग गरेपछि मात्र आफ्नै हक अधिकार राज्यले दिँदो रहेछ भन्ने गलत सन्देश दिएको जनताको भनाई छ। माओवादी जनयुद्धका क्रममा मारिएका र बेपत्ता पारिएकालाई सरकारले पूरै वेवस्था गरेको छ। उनीहरुले सडकमा टायर नबाली र तोडफोड नगरी सुन्दैन सरकारले, भन्छन् आम नागरिकहरुक। त्यसैले पनि सडकमा उत्रिएपछि मात्रै सरकारले सबैको माग सुन्ने रहेछ भन्छन् आम नेपाली जनता।

## महावाणी

ध्यायतो विषयान्पुंसः संगस्तेषूपजायते ।
संगात्सञ्जायते कामः कामात्क्रोधोऽभिजायते ॥

*When a man allows his mind to muse on the objects of sense-enjoyments, an attraction for them is created. Attraction develops into craving and from craving follow causes for anger.*

प्रधान सम्पादक : नवराज उपाध्याय
प्र. निर्देशक/सम्पादक : कमल कुमार उपाध्याय
९८४५०४१८८५,९८०४२७७३२२
कार्यकारी सम्पादक : कृष्णउदास खनाल, विनोद प्याकुरेल
प्रकाशक/मुद्रक : कुशल प्रकाशन अफसेट प्रेस, बारा
विशेष सहयोगी : ओमप्रकाश ठाकुर / रमेश तिमल्सिना
आई.टी. प्रमुख : भुवन कुमार झा
कार्यालय- आचार्य इलेक्ट्रोनिक्स, भरतचौक, कलैया
फ्याक्स नं. ०५३-५५०५६६,
श्रीपूर, वीरगंज-१६,
फोन नं. ०५१-५२४३६६, फ्याक्स ०५१-५२३०७६
e-mail:– kreepadaily@gmail.com
http://kreepa.wordpress.com

## सम्पादकीय.....

### आखिर कहिलेसम्म हत्या, हिंसा

*मान्छेले यो धर्तीमा जन्म लिएपछि बाँच्न पाउनुपर्छ । त्यो उसको नैसर्गिक अधिकार मात्रै होइन, मानव अधिकार पनि हो । त्यो व्यक्ति उरुलाई पनि उसकी आमाले गर्भमा बढीमा एघार महिनासम्मको कठोर अवस्थापछि जन्म दिएकी हुन्छिन् । एउटा बच्चा जन्माउन ति जननीलाई कति गाह्रो हुन्छ भन्ने कुरा राक्षसहरुलाई कहाँ थाहा हुन्छ र ?*

*तिनै जननीका अगाडी राक्षसी स्वभाव भएकोले हत्या, हिंसा गर्ने गर्दछन् । तराईमा पछिल्ला समयमा हत्या हिंसाको श्रृखलाको लहर नै चलेको छ । एउटा आत्मालाई हत्या गरेर बहादुरी संझनु मूर्खता मात्र हो । सामान्य कारणले पनि व्यक्तिको ज्यान लिने यो कस्तो राजनीति हो ? जसले जुन कारणले हत्या गरेपनि त्यो अपराध नै हो ।*

*किनकी ति निर्दोष आत्माले र उनका परिवारले त पक्कैपनि उनीहरुलाई गाली गर्नेछ । एकजनाले हत्या गर्नुको मतलभ एउटा चेलीको सिन्दुर पुछिनु हो, लालाबाला टुहुरा बन्नु हो भन्ने कुरा बुझ्ने हो भने किन हुन्थ्यो र हत्या हिंसा । सबैले पहिला म मानव हो भन्ने चिन्तन राख्ने हो भने नेपालमा कहिल्यै हत्या, हिंसा हुदैन्थे, तर आखिर हत्या , हिंसा त जारी छ तर यो कहिले सम्म ?*

# बहुक्षेत्रीय समानुपातिक निर्वाचन प्रणाली: जनताको निर्वाचन प्रणाली

**गगनदेव महतो**

**(क) बढीमतीय निर्वाचन प्रणाली**
२००७ सालमा प्रजातन्त्रको आगमन पश्चात् आजसम्म नेपालमा बढीमतीय निर्वाचन प्रणाली अपनाइदै आएको देखिन्छ । आफ्नो क्षेत्रमा सबभन्दा बढी मतसंख्या ल्याउने उम्मेदवारलाई निर्वाचित घोषित गरिने निर्वाचन प्रणालीलाई नै बढीमतीय निर्वाचन प्रणाली भनिन्छ । अर्थात् यस प्रणाली अनुसार सबभन्दा बढी मत ल्याउने उम्मेदवार निर्वाचित हुन्छ । जस्तै : जम्मा १०० मत खसेको निर्वाचन क्षेत्रमा दुईजना उम्मेदवारहरूमध्ये एउटाले ५१ मत र अर्कोले ४९ मत प्राप्त गर्दा ५१ मत (बहुमत) प्राप्त गर्ने उम्मेदवारले विजयी हासिल गरेको मानिन्छ । तर ४९ मत (अल्पमत) प्राप्त गरी हार्ने उम्मेदवार र उसले पाएको मतको कुनै मूल्य हुँदैन । ती मतहरू फोहोरमा फाले झै हुन्छ । त्यस्तै १०० मत खसेको निर्वाचन क्षेत्रमा तीन जना उम्मेदवारहरू हुँदा एउटाले ३० मत अर्कोले ३० मत र तेस्रोले ४० मत ल्याउँदा तेस्रो व्यक्ति नै निर्वाचित हुन्छ । यस अवस्थामा १०० मा ४० मत ( अल्पमत) प्राप्त गर्ने उम्मेदवार सफल हुन्छ भने १०० मत मा ३०+३०(६० मत (बहुमत) प्राप्त गर्ने उम्मेदवारहरू तथा उनीहरूले पाएका मतहरू मूल्यहीन भएर जान्छन् । अर्को कुरा बढीमतीय प्रणालीमा दलहरू जातीय, लैङ्गिक, क्षेत्रीय तथा अन्य कुनै पनि आधारमा समानुपातिक रुपमा उम्मेदवार उठाउन बाध्य हुँदैन । फलस्वरुप जुन जात, वर्ग, समुदाय वा व्यक्तिको हातमा सत्ता जान्छ, उनीहरूले शक्तिको दुरुपयोग गरी आफूले भ्याएसम्म 'राम्रो मान्छेको सट्टा 'हाम्रो' मान्छेको चयन सजिलै गर्न सक्छन् । आज देशको राजनीति लगायत सरकारको अन्य अंगहरूमा सीमित जातजाति, वर्ग र समुदायको वर्चस्व हुनुमा बढीमतीय निर्वाचन प्रणाली प्रमुख कारकको रुपमा देखिन्छ ।

**(ख) मिश्रित निर्वाचन प्रणाली**
नाम अनुसार नै मिश्रित निर्वाचन प्रणाली बढीमतीय निर्वाचन प्रणाली तथा समानुपातिक निर्वाचन प्रणालीको समिश्रण हो । यस प्रणाली अनुसार दलहरूले निश्चित प्रतिशत उम्मेदवार जातीय, लैङ्गिक, वर्गीय तथा क्षेत्रीय आधारमा समानुपातिक रुपमा उठाउँछन् भने बाँकी निश्चित प्रतिशत उम्मेदवार बढीमतीय प्रणाली झै खुल्ला रुपमा उठाउँन पाउँछन् । जस्तै : नेपालमा कानूनत ५० प्रतिशत उम्मेदवार समानुपातिक रुपमा र ५० प्रतिशत उम्मेदवार बढीमतीय प्रणाली अनुरुप खुल्ला रुपमा उठाउने व्यवस्था गरिएको छ । तर बेला बेलामा ६० प्रतिशत समानुपातिक र ४० प्रतिशत खुल्ला त्यस्तै ७० प्रतिशत समानुपातिक र ३० खुल्ला उम्मेदवार उठाउने कुरा पनि चर्चामा आएको देखिन्छ । जे होस् यहाँ सोच्नु पर्ने कुरा के देखिन्छ भने बढीमतीय प्रणाली अनुरुप खुल्ला रुपमा उठाउने उम्मेदवार प्रतिशतमा दलहरूले आफ्नो विश्वासको पात्रहरूलाई टिकट दिई निर्वाचित गराउने नै भयो भने समानुपातिक उम्मेदवार प्रतिशतमा पनि ठूलो चलाकी गरिएको देखिन्छ । त्यो कसरी भन्नुहुन्छ भने 'संविधानसभा सदस्यको निर्वाचनको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४ को दफा ५८(२) बमोजिम दलहरूले निर्वाचन आयोग समक्ष पेश गरेको बन्दसूचीको नामावली भित्रका जोसुकैलाई जातीय जनसंख्याको अनुपात मिल्ने गरी आफ्नो केन्द्रीय कार्य समितिको निर्णय अनुसार निर्वाचित घोषणा गर्न सक्ने व्यवस्था गरिएको छ । यस प्रावधानअनुरुप दलहरू समानुपातिक जातीय टाउका ल्याउन त बाध्य हुनेछन् तर आफूलाई मनपर्ने टाउकाहरू छानी रोजी ल्याउन स्वतन्त्र हुनेछन् । जो चाही दलको निर्देशन अनुसार उठ बस गर्न हिचकिउँदैन । यसरी समग्रमा हेर्दा मिश्रित निर्वाचन प्रणाली 'सर्पलाई मारी लठी सुरक्षित राख्ने' दाउ पक्कापक्की देखिन्छ ।

**(ग) समानुपातिक निर्वाचन प्रणाली**
खसेको मतको अनुपातमा पार्टी अथवा पार्टी र उम्मेदवार दुवैलाई माप्ने निर्वाचन प्रणालीलाई समानुपातिक निर्वाचन प्रणाली भनिन्छ । यो प्रणाली फिनल्याण्ड, टर्की, दक्षिण अफि्रका र स्वीजरल्याण्ड लगायत विश्वको करीव ९२ वटा देशहरूमा प्रचलित रहेको देखिन्छ । यो प्रणालीमा विभिन्न मोडेलहरू पाइन्छन् । तसर्थ उक्त प्रणाली अपनाउँने देशहरूले त्यहाँको सामाजिक संरचना, जातीय, भाषिक, भौगोलिक, लैगिक, वर्गीय आर्थिक आदि विविधताहरूलाई ध्यानमा राखी आफूलाई सुहाउँने मोडेल अपनाएको देखिन्छ । यस प्रणालीको प्रचलित मोडेलहरू यस प्रकार छन्

**(१) एकल क्षेत्रीय समानुपातिक निर्वाचन प्रणाली**
यस मोडेल अनुसार सिंगो देशलाई एउटै निर्वाचन क्षेत्र मानी पार्टीहरूले समानुपातिक बन्दसूचीअनुसार आफ्नो उम्मेदवारहरूका नामावली सार्वजनिक गर्छन् र देशभरिमा खसेको मत मध्य आफूले प्राप्त गरेका मत प्रतिशतको आधारमा सीट संख्या प्राप्त गर्दछ । जस्तै : जम्मा १०० सीट संख्या हुँदा कुनै पार्टीले खसेको मतमध्ये ४० प्रतिशत मत ल्याउँछ भने उक्त दलले ४० वटा सिट संख्या प्राप्त गर्दछ । यस मोडेलमा जनताले पार्टीलाई मत दिनुपर्ने हुन्छ, व्यक्तिलाई होइन । यस प्रणालीमा क्षेत्र गत रुपमा उम्मेदवार उठाउन पाइदैन । तसर्थ मत हाल्दा मतदातालाई आफ्नो उम्मेदवार को हो ? भन्ने कुरा थाहा हुँदैन । यसमा उम्मेदवार आफू जनताको प्रत्यक्ष मतबाट होइन कि पार्टीले प्राप्त गरेको मतबाट निर्वाचित हुन्छन् । अत: पार्टी अति बलियो र उम्मेदवार कमजोर स्थितिमा देखिन्छ । बन्दसूची भनेको पार्टीहरूले निर्वाचन आयोगमा पठाउने उम्मेदवारहरूको नामावलीको सूची हो । यसरी दलहरूको निर्वाचन आयोगमा पठाएको बन्दसूचीमाथि छानवीन गरेपश्चात आयोगले ती सूचीलाई सार्वजनिक गर्दछ । कहिले काही बन्दसूची भनेको गोप्य दस्तावेज हो, यसलाई सार्वजनिक गरिदैन भने हाम्रो मनमा उठ्न सक्छ । जुन चाहिँ सर्वदा गलत धारणा हो । यसलाई सर्वसाधारण समक्ष सार्वजनिक गरिन्छ । त्यसो भए प्रश्न उठ्छ, यो सूचीलाई बन्दसूची किन भनिएको होला त ? दलले एकचोटी उम्मेदवारहरूको सूची आयोगमा पठाइसकेपछि आयोगले कुनै उम्मेदवारलाई अयोग्य घोषणा नगरुन्जेलसम्म उक्त दलले आफूले पठाएको सूचीमा कुनै किसिमको हेरफेर गर्न नसक्ने हुनाले नै यस सुचीलाई बन्दसूची भनिएको छ । अब प्रश्न उठ्छ, बन्दसूची अनुसार कुन आधारमा कस्तो उम्मेदवारलाई निर्वाचित घोषित गरिन्छ र विश्वमा प्रचलित मान्यताअनुरुप शुरुमा नै दलहरूले बन्दसूची समानुपातिक रुपले तयार गर्दछ । जस्तै : नेपालको सन्दर्भमा १ नं. मा दलित, २ नं. मा मधेशी, ३ नं. मा जनजाति, ४ नं. मा बाहुन क्षेत्री, क्रमश : जनसंख्याको अनुपातमा मिलाएर राख्न सकिन्छ र दलले आफूले पाएको सीट संख्या अनुसार नं. १ बाट नै क्रमश: उम्मेदवारहरू निर्वाचित भएको घोषणा गर्न सक्दछ । तर यसरी सूचीको पहिलो नम्बरबाट उम्मेदवार छान्दा शुरुमा नाम भएका उम्मेदवारहरूबाट छानिने बढी सम्भावना हुन्छ भने पछि नाम भएका उम्मेदवारहरूको क्रमश: संभावना क्रम हुँदै जान्छ । यसमा दलले जातीय जनसंख्याको अनुपात मिल्ने गरी आफूलाई मनपर्ने उम्मेदवारको नाम शुरुमा राख्न सक्ने हुँदा योग्य तथा स्वाभिमानी उम्मेदवार छुट्न सक्ने सम्भावना प्रवल देखिन्छ । तर यो प्रावधान 'बन्द सूचीको नामावली भित्रका जोसुकैलाई जातीय जनसंख्याको अनुपात मिल्ने गरी दलको केन्द्रिय कार्य समितिले निर्वाचित घोषणा गर्ने, प्रावधानभन्दा श्रेष्ठकर सावित हुन्छ ।

**(२) बहुक्षेत्रीय समानुपातिक निर्वाचन प्रणाली**
यस प्रणाली अनुसार देशलाई आवश्यक निर्वाचन क्षेत्रमा विभाजन गरी क्षेत्रगत रुपमा उम्मेदवार उठाई निर्वाचन गर्न सकिन्छ । यसमा जातीय जनसंख्याको आधारमा उम्मेदवारी सुनिश्चित गरी निर्धारित निर्वाचन क्षेत्रगत रुपमा उम्मेदवार उठाएर खसेको मतको अनुपातमा पार्टी र उम्मेदवार दुवैलाई मापिन्छ । यसो गर्दा उम्मेदवार र पार्टी दुवै जनतामुखी हुन बाध्य हुन्छ किनभने यस प्रणालीअनुसार कम मतप्रतिशत ल्याएर न त उम्मेदवार विजयी हुन सक्छ, न त पार्टीले नै बढी सीट संख्या प्राप्त गर्न सक्छ । यस प्रणालीमा उम्मेदवारको हार जीतको निर्णय उसले आफ्नो क्षेत्रमा प्राप्त गरेको मत प्रतिशतको आधारमा मात्र हुन सक्दैन । उसको सफलता असफलताको निर्णय उसकै पार्टीको अरु उम्मेदवारहरूले आ(आफ्नो क्षेत्रमा प्राप्त गरेको मत प्रतिशत तथा उसको पार्टीले प्राप्त गरेको मत प्रतिशतको तालमेलमा भर पर्दछ । अर्को शव्दमा भन्दा एउटा पार्टीले आफूले देशभरीमा उठाएका सबै उम्मेदवारहरूले आ(आफ्नो क्षेत्रमा प्राप्त गरेका मत प्रतिशत छुट्टा छुट्टै संकलन गरी आफूले पाएको सिट संख्या अनुरुप सबभन्दा बढी मतप्रतिशत प्राप्त गर्ने उम्मेदवारहरूलाई क्रमश निर्वाचित घोषित गर्दछ । अझ प्रष्ट हुनका लागि तल दिइएको तालिका हेरौं ।

| निर्वाचन क्षेत्र | खसेको मत | उम्मेदवारले पाएको मत संख्या | | मत प्रतिशत | |
|---|---|---|---|---|---|
| | | 'क' पाटी | 'ख' पार्टी | 'क' पार्टी | 'ख' पार्टी |
| १ | ४०० | १९९ | २०१ | ४९.७५ | ५०.२५ |
| २ | ३०० | १४९ | १५१ | ४९.६६ | ५०.३३ |
| ३ | २०० | ९९ | १०१ | ४९.५० | ५०.५० |
| ४ | १०० | ४९ | ५१ | ४९ | ५१ |
| मत संख्या | १००० | ४९६ | ५०४ | | |
| मत प्रतिशत | १०० | ४९.६० | ५०.४० | | |
| सीट संख्या | ४ | १.९८ | २.०१ | | |
| औसतमा लिँदा | ४ | २ | २ | | |

२ माथिको तालिकालाई बढीमतिय प्रणाली अनुसार विचार गर्दा तालिकामा १, २, ३, ४ गरी जम्मा ४ वटा निर्वाचन क्षेत्रमा दलहरूबीच जम्मा ४ सीट संख्याको लागि प्रतिस्पर्धा भएको देखिन्छ । जसमा दल 'ख को उम्मेदवारहरूले निर्वाचन क्षेत्र १ २ ३ ४ मा जम्मा खसेको मत क्रमश: ४००, ३००, २०० र १०० मा क्रमशल २०१, १५१, १०१ र ५१ मत प्राप्त गरी प्रत्येक निर्वाचन क्षेत्रमा प्रथम स्थान हासिल गरेको देखिन्छ । यसरी बढीमतीय प्रणाली अनुसार प्रत्येक क्षेत्रमा बढी मत ल्याएको दल ख को उम्मेदवारहरू निर्वाचित हुन्छ । अर्थात ४ वटै सीटमा कव्जा गर्दछ । अब यसलाई अझ गहिरिएर विचार गर्दा के देखिन्छ भने ४ वटा निर्वाचन क्षेत्रमा खसेको जम्मा मत १००० मध्ये दल ख ले ५०४ अर्थात् ५०.५४ प्रतिशत मत प्राप्त गरी शतप्रतिशत सीट संख्या अर्थात् ४ वटै सीटमा कव्जा गरेको देखिन्छ भने १००० मत मध्ये ४९६ मत अर्थात् ४९.६ मत प्राप्त गरेको दल क ले कुनै पनि सीट प्राप्त गरेको देखिदैन । भनाईको अर्थ ४९.६ मत, झण्डै आधा मत प्राप्त गरेको दल, उम्मेदवार र सबभन्दा सोचनीय कुरा जनताको मत मूल्यहीन हुन्छ । यसलाई अझ प्रष्ट्याउनको लागि २०५६ सालमा सम्पन्न आमनिर्वाचनको नतिजामाथि छलफल गरौं । नेपाली कांग्रेसले उक्त निर्वाचनमा ३६.१४ प्रतिशत मत प्राप्त गरेको थियो र समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचन भएको भए उसले केवल ७५ सिट संख्या मात्र प्राप्त गर्ने थियो तर बढीमतीय प्रणाली अनुसार उसले १११ सीट प्राप्त गरेको थियो । र उसले प्राप्त भनेको अनुपातमा ३६ सीट बढी प्राप्त गरेको थियो । नेकपा (एमाले) प्राप्त मतको अनुपातमा ८ सीट बढी पाएको थियो । राप्रपाले भने प्राप्त १०.१४ प्रतिशत मतको अनुपातमा २१ सीट पाउनु पर्नेमा जम्मा ११ सीटमात्र प्राप्त गरेको थियो । त्यस्तै राष्ट्रिय जनमोर्चा नेपालले १.३७ मत प्राप्त गरेमोमा मतको अनुपातमा ३ सीट प्राप्त गर्नु पर्नेमा ५ सीट प्राप्त गरेको थियो भने ६. ३८ प्रतिशत मत प्राप्त गरेको नेकपा (माले)ले १३ सीट प्राप्त गर्नु पर्नेमा एउटा पनि सीट प्राप्त गरेको थिएन । त्यस्तै ३.३३ प्रतिशत मत प्राप्त गरेको राप्रपा (चन्द)ले पनि समानुपातिक प्रणाली भएको भए ७ सीट प्राप्त गर्दथ्यो भने बढीमतीय प्रणाली भएकोले एउटा पनि सीट प्राप्त गर्न सकेको थिएन ।

अब माथिको तालिकालाई बहुक्षेत्रीय समानुपातिक पद्धति अनुसार विचार गर्दा,उल्लेखित तालिकामा दल 'क' र 'ख' ले क्रमश: ४९.६० प्रतिशत तथा ५०.४० मतप्राप्त गरी क्रमश १.९८ र २.०१सीट संख्या प्राप्त गरेका छन् । यसलाई औसतमा लिँदा दुई दलले २.२ सीट प्राप्त गर्दछन् । यसरी दलहरूले सीट संख्या प्राप्त गरेपश्चित आफूले प्राप्त गरेको सीट संख्याअनुसार बढी मतप्रतिशत प्राप्त गरेका आफ्ना उम्मेदवारहरूलाई क्रमश: निर्वाचित घोषित गर्दछन् । जस्तै : माथिको तालिकामा दल कले क्षेत्र नं. १ बाट ४९.७५ प्रतिशत र क्षेत्र नं. ३ बाट ४९.६६ प्रतिशत मत प्राप्त गरेका उम्मेदवारहरूलाई निर्वाचन गर्दछ भने दल ख ले आफ्नो उम्मेदवारहरूमध्ये क्षेत्र नं. ४ बाट ५१ प्रतिशत र क्षेत्र नं. ३ बाट ५०.५० प्रतिशत मत प्राप्त गर्ने उम्मेदवारहरूलाई निर्वाचित घोषित गर्दछु । यस प्रणाली अनुसार स्वतन्त्र उम्मेदवार सजिलै उठ्न पाउँछन् अनि जति सिट संख्या स्वतन्त्र उम्मेदवारले जित्छ जम्मा सिट संख्याबाट त्यति सिट संख्या घटाई बाँकीलाई शतप्रतिशत मानी दलहरूबीच बाँडफाँड गरिन्छ । यसमा स्वतन्त्र उम्मेदवारले कमसेकम बहुमत प्रतिशत मत ल्याउनु पर्ने प्रावधान राख्नु पर्ने देखिन्छ । किनभने कम मतप्रतिशत ल्याएर निर्वाचित हुन सकिने प्रावधान राख्दा दलगत रुपमा उठेका उम्मेदवारहरूलाई मर्का पर्दछ । यसरी यस प्रणालीमा दल उम्मेदवारमाथि हावी हुन सक्दैन । उसले आफ्नो व्यक्तित्वको आधारमा पनि मत प्राप्त गरी निर्वाचित हुने सम्भावना हुन्छ भने मतदातालाई आफ्नो उम्मेदवार को हो ? भन्ने कुरा प्रष्ट थाहा हुन्छ । यसमा जातीय जनसंख्या लगायत अन्य अनुपातमा उम्मेदवारीको सुनिश्चितता हुन्छ ।

- शेष: पृष्ठ ३ मा



## विश्व समाचार

# भीषण संघर्षमा ४८ को मृत्यु

*इस्लामावाद/ माघ १०*


अफगान सीमासँग जोडिएको पाकिस्तानको आदिवासी भू-भागमा चर्केको भीषण संघर्षमा गएको २४ घण्टाभित्र ४८ जनाको मृत्यु भएको पाकिस्तानी सेनाले आज जनाएको छ।

त्यस संघर्षमा विद्रोहीतर्फ ४० लडाकूको मृत्यु भएको छ भने सरकारी सेनातर्फ ८ सैनिकको मृत्यु भएको छ।

विपक्षी नेत्री बेनजिर भुट्टोको हत्या गर्ने मुख्य योजनाकार ठानिएका एक विद्रोही कमाण्डर लुक्दै आएको दक्षिणी बजिरिस्तानको त्यस ईलाकामा संघर्षका दौरान सरकारी सेनाले ३० विद्रोहीहरूलाई पक्राउ गरेको छ।

सेनाद्वारा प्रकाशित एक विज्ञप्तीमा भनिएको छ- विगतका २४ घण्टाभित्र ४० विद्रोहीहरू मारिएको र धेरै जसो घाइते अवस्थामा रहेका ३० विद्रोही पक्राउ परेका छन्।

यस अघि नै विद्रोही र सेनागरी १२० जनाको ज्यान गइसकेको त्यस क्षेत्रमा सेनाले विद्रोहीहरू विरुद्ध ठूलै सैन्य कारबाही गरेको सेनाले जनाएको छ। रासस



## अर्थ जगत

# अहिलेसम्मकै सर्वाधिक राजस्व

*मध्यपुर थिमी/ माघ १०* जग्गा किनबेचको कारोवार अत्यधिक बढेपछि भक्तपुरको जिल्ला मालपोत कार्यालय अहिलेसम्मकै सर्वाधिक राजस्व सङ्कलन गर्न सफल भएको छ।चालु आर्थिक वर्ष २०६४-६५ को प्रथम अर्धवार्षिक (साउनदेखि पुससम्म)- मा मात्र कार्यालयले करिब रु. सात करोड १० लाख राजस्व सङ्कलन गरेको मालपोत अधिकृत गोविन्दप्रसाद सापकोटाले बताउनुभयो।यो छ महिनामा आठ हजार ४६६ कित्ता जग्गा किनबेच भएको जानकारी दिँदै उहाँले पाँच हजार ६०० रोपनी १३ आना जग्गा बिक्री भएको बताउनुभयो।यसअघि गत आव ०६३-६४ को प्रथम अर्धवार्षिकमा पाँच हजार १६६ कित्ता जग्गा किनबेच हुँदा करिब रु. चार करोड ९५ लाख राजस्व सङ्कलन भएको थियो। रासस

# सुरजीदेवीको नवनिर्मित भवन उद्घाटन

■कृपा संवाददाता——

बीरगंज, १० माघ / वीरगंज उप-महानगरपालिकको वडा नं-१५ मा अवस्थित सुरजीदेवी माध्यामिक विद्यालयको नवनिर्मित ६ कोठे भवन उद्घाटन गरिएको छ।

वीरगंज उप-महानगरपालिकाको ४ लाख ५० हजारमा र जन श्रमदान २ लाख १५ हजारको लागतमा निर्मित सो भवन विहीवार एक समारोहकाबीच पर्सा जिल्लाका शिक्षा अधिकारी षडानन्द झाले उद्घाटन गर्नुभएको हो। प्रमुख अतिथिकारुपबाट भवन उद्घाटन पश्चात आयोजित सभालाई संवोधन गर्दै उहाँले शिक्षाको विकासमा उक्त विद्यालयले पुऱ्याएको योगदानको प्रसंसा गर्नुभयो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शम्भु प्रसाद गुप्ताको सभापतित्वमा सम्पन्न सो सभामा स्वागत मन्तव्य राख्दै सोही विद्यालयका प्रधानाध्यापक एल. पि. मिश्राले विद्यालय गत साउन ४ गतेबाट माध्यमिक विद्यालयमा परिणत भएको जानकारी दिनुभयो। सो विद्यालय २०२८ सालमा सुरजीदेवीले स्थापना गरेको जानकारी पनि मिश्राले दिनुभयो। सभालाई मधेशी जनअधिकार फोरमका पर्सा जिल्ला अध्यक्ष शशी कपुर मियाँ, सद्भावना जिल्ला अध्यक्ष निजामद्दीन समानी, नेकपा एमालेका सचिवालय सदस्य प्रभु हजरा, वीरगंज उप- महानगरपालिकाका कार्यकारी अधिकृत विश्वराज डोटेल, प्रेम कान्सीलका दिपेन्द्र चौहानलगायतकाले शुभकामना मन्तव्य राख्नुभएको थियो। कार्यक्रम डा. विश्वम्भर शर्माको संचालनमा सम्पन्न भएको हो।



## कृषि समाचार

# गाउँभरी सुन्तलै सुन्तला

*पुतलीबजार (स्याङ्जा), १० माघ* वर्षभरि दु:ख गरेर पनि दुई छाक टार्न पर्याप्त अन्न उत्पादन नहुने पाखोबारीमा सुन्तला लगाएर स्याङ्जा सुम्रेखोला गाँउका किसानले अहिले मनग्य आम्दानी गर्न थालेका छन्।यातायातको सुविधा एवम् सुन्तला सङ्कलन केन्द्र र बजार व्यवस्थापन पनि राम्रो भएकाले यहाँका प्राय: सबै कृषकले सुन्तला खेतीलाई अंगालेका हुन्। सुम्रेखोला र त्यस वरपरका कृषकले सुन्तलाबाट वार्षिक रू. एक करोडभन्दा बढी आम्दानी गर्दछन्। यहाँका प्रत्येक किसानका घरमा ५० देखि ४०० सम्म सुन्तलाका बिरूवा छन्। यहाँका सुन्तला कृषकले प्रति व्यक्ति रू.तीन लाखसम्म आम्दानी गर्नेगरेको बताइन्छ। उनीहरू पुसको सुरूबाट सुन्तला बिक्री गर्दछन्। पाखैभरि बोटमा पहेंलपुर सुन्तला देखेपछि बिक्री गर्न बजार खोजी रहनु पर्दैन, व्यापारीहरू घरमै पैसा दिन आउँछन्, कृषक कृष्णप्रसाद अर्यालले बताउाछन्। २५ रोपनी जग्गामा सुन्ताला खेती गर्दै आएका अर्याललले यस वर्ष रू.तीन लाखको सुन्ताला बिक्री गरेका छन्। रासस



## फिल्मी दुनिया

# निर्देशकहरूको मारामार

काठमाडौं, १० माघ। नौ वर्षअघि स्थापित नेपाल चलचित्र निर्माता संघ फुटाउन युवराज लामाले राजकुमार राईलाई जसरी साथ दिए, अन्य निर्माताहरूले त्यसरी दिन सकेनन्। पर्दा पछाडिबाट मोहन सर्राफ, मदनमान बज्राचार्य, श्रीकृष्ण पुडासैनी, केपी पाठक, नवीन सुब्बाहरूले राजकुमार राईलाई दह्रो साथ दिए। नारायण पुरीले दोगला चरित्र निभाए। ।पुरानो निर्माता संघ फुटाएपछि राजकुमार राईले राष्ट्रिय चलचित्र निर्माता संघ जिल्ला प्रशासन कार्यालयमा चाँडै दर्ता गराउने जानकारी गराएका छन्। एक साताअघि नयाँ निर्माता संघका पदाधिकारीहरूले चलचित्र विकास बोर्ड र चलचित्र संघका पदाधिकारीहरूसँग आफ्नो संघलाई पनि मान्यता दिन अनुरोध गरेका थिए। उक्त अनुरोधलाई विकास बोर्ड र चलचित्र संघले सकारात्मक रूपमा लिएको नयाँ निर्माता संघका अध्यक्ष राजकुमार राईले सत्याग्रहलाई जानकारी गराए।

# ट्याक्टर चालक कुटिए

■कृपा संवाददाता——

जितपुर, १० माघ / बारा जिल्लाको दुधौरा खोलामा ढुंगा लिन गएका एक ट्र्याक्टर चालक कुटिएका छन्।बिहीबार सांझ ढुंगा लोड गर्न उक्त नदीमा पुगेका बारा जिल्लाको जितपुर गाविस वार्ड नं. ३ का बुद्ध सिंह कुमाल अज्ञात हतियारधारी समूहद्वारा कुटिएको बताएका छन्।गम्भीर घाईते भएका कुमाललाई उपचारार्थ बीरगंज स्थित नारायणी उप-क्षेत्रीय अस्पतालमा पठाइएको जनाइएको छ।

# स्थापना दिवसमा मैनबत्ती बालियो

कलैया, १० माघ / नेपाल मजदुर किसान पार्टीको ३४ औं स्थापना दिवसका अवसरमा सो पार्टी जिल्ला कार्य समिति बाराले मैनबत्ती बाली मनाएको छ। बिहीवार सांझ कलैयाको भरत चौकमा मैनबत्ती बाली दिवस मनाइएको हो। जिल्ला कार्य समिति बाराका अध्यक्ष मुक्ति यादवको सभापतित्वमा सम्पन्न मो कार्यक्रममा क्रान्तिकारी विद्यार्थी संघका सुरेन्द्र शाही, क्रान्तिकारी युवा संघका सुमन श्रेष्ठ लगायतकाको उपस्थिति रहेको थियो।

# रिभल्वर खोस्न खोज्नेलाई पक्राउ गर्न निवेदन

■कृपा संवाददाता——

कलैया, १० माघ / बारा जिल्लाको पथलैया प्रहरी चौकीका ईन्चार्ज जवाहीर यादवले आफ्नो रिभल्वर खोस्न खोज्ने युवकहरुलाई पक्राउको मांग गर्दै निवेदन दिने भएका छन्।

जिल्लाको सिमरामा अवस्थित क्यालको उद्योगबाट गत पौष १८ गते भएको चोरीको बिषयमा अनुसन्धान गर्न भारत पुगी जिल्ला फर्कने क्रममा माघ ८ गते बिरगंजको माईस्थान स्थित एक होटेलमा खाना खाई रहेका बेला केही उछृंखल रक्सिले मातेका युवाहरुले रिभल्वर खोस्न खोजेकोमा उनीहरुका बिरुद्ध शुक्रबार जिल्ला प्रसासन कार्यालय बारामा निवेदन दर्ता गर्ने यादवले कृपा दैनिकलाई बताएका छन्।

बाराका प्रहरी उपरिक्षक हेमन्त पालको निर्देशनमा अनुसन्धानका लागि यादवको नेतृत्वमा भारत गई फर्केको सो टोलीको रिभल्वर खोस्न खोज्ने ती युवाहरुलाई पक्राउ गर्न खोज्दा भागेको पनि उनले जनाएका छन्।



## खेल समाचार

# पहिलोपल्ट डण्डिबियो प्रतियोगिता हुने

काठमाडौं, १० माघ रोट्र्याक्ट क्लब अफ काठमाडौंाले यही माघ १२ गतेदेखि प्रथम अन्तर क्लबस्तरिय डण्डी-बियो प्रतियोगिता आयोजना गर्ने भएको छ।

नेपाल खेलकुद पत्रकार मञ्चमा आज आयोजित पत्रकार सम्मेलनमा प्रतियोगिताका संयोजक अरूणप्रसाद भट्टराईले उक्त जानकारी दिनुभएको हो। नेपालमा डण्डी-बियो खेल इतिहासको पानामा मात्रै सीमित रहेकाले सो खेलको विकास गर्ने उद्देश्यले प्रतियोगिताको आयोजना गर्न लागिएको आयोजकले बताएको छ।

नेपालमा पहिलो पटक आयोजना हुन गइरहेको सो प्रतियोगितामा ९३ वटा क्लबले आफ्नो सहभागिता जनाइसकेको बताइएको छ। रासस

## प्रशासनद्वारा बाराली ... ...

संयोजकत्वमा समिति समेत गठन गरेको छ। समितिका सदस्यमा ध्रुव अधिकारी, केसी लामिछाने, श्रीराम रायमाझी, कन्हैयालाल केशरी, श्याम बंजरा, महेश दास लगायतका ११जना रहेको बताइएको छ।

## शान्ति मन्त्रालयको ... ...

सोही टोलीका बिदुर मल्लको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा पर्सेली जनताले भोग्नु परेको पीडाका बारेमा जानकारी गरइएको थियो। कार्यक्रमबारे सुजन लामाले प्रकाश पार्नु भएको थियो। टोली शान्ति सद्भाव र एकताका लागि युवा अभियानका साथ धादिंग, पर्सा र बाराको भ्रमणमा निस्किएको बताइएको छ।

## सरकारद्वारा तीन ... ...

दिएको छ। विहीवार सप्तरीमा सम्पन्न भएको सो पार्टीको केन्द्रीय कार्य समितीको बैठक सार्वजनिक गर्दै अध्यक्ष आनन्दीदेवी सिंहले वर्तमान उद्योग वाणिज्य तथा आपूर्ति मंत्री श्याम सुन्दर गुप्तालाई सरकारबाट हटाउन पर्ने र तराईमा आन्दोलन पक्षसँग वार्ता नगरिए सबै संयन्त्रबाट बाहिरिने चेतावनी दिनुभयो।

## बहुक्षेत्रीय समानुपातिक............

यसो भएपनि निर्वाचित हुनको लागि जनताको अधिक तर मत आवश्यक देखिन्छ। फलस्वरुप जातिय आधारमा उम्मेदवारलाई निर्वाचित घोषित गर्दा देश विखण्डन हुने कुरा समाप्त हुन्छ। साथै शासन सत्तामा सीमित जाति र वर्गको वर्चस्व कायम रहन सक्दैन। सबभन्दा ठूलो कुरा यस प्रणालीमा जनताको प्रत्येक मतको मूल्य हुन्छ। एउटा पनि मत खेर जाँदैन भने उम्मेदवारको व्यक्तिगत स्वतन्त्रताको हनन हुँदैन। तर यस प्रणालीमा जातीय जनसंख्याको अनुपातमा ठ्याक्कै उम्मेदवारको चयन हुन सक्दैन, संख्यात्मक रुपले तल माथि पर्न सक्छ तर छानिएर आएका उम्मेदवारहरू गुणात्मकरुपले उच्च कोटिको हुने प्रवल सम्भावना देखिन्छ। अर्को कुरा यस पद्धतिमा असमान जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारित गर्दा बढी जनसंख्या भएको निर्वाचन क्षेत्रबाट उठ्ने उम्मेदवारहरूलाई मर्का, पर्दछ। जस्तै : माथिको तालिकामा देखाए बमोजिम दल ख को क्षेत्र नं. ४ को उम्मेदवारले १०० मध्ये ५१ मत प्राप्त गरी निर्वाचित भएको छ भने त्यही दलको क्षेत्र नं. १ र २ को उम्मेदवारहरू क्रमश: ४०० र ३०० मत मध्ये क्रमश: १५१ र १०१ मत प्राप्त गरी पछि परेका देखिन्छन्। किनभने यसप्रणालीमा मतप्रतिशतको आधारमा हारजीतको फैसला गरिन्छ। नकी मतसंख्याको आधारमा। अत: यस पद्धतिलाई न्यायोचित बनाई राख्न केही दुर्गम क्षेत्रहरू बाहेक अरु बाँकी क्षेत्रहरू लगभग समान जनसंख्याको आधारमा निर्धारित गर्नुपर्ने देखिन्छ। **संभार : मधेश दर्पण फिचर सेवा**

# न्युटन र आईन्सटाईनलाई चुनौती

■कृपा संवाददाता——

बीरगंज, १० माघ / गुरुत्व आकर्षण सम्बन्धि सिद्धान्तका प्रतिपादक न्यूटन तथा अर्का बैज्ञानिक अल्बर्ट आईन्सटाईनको नियमलाई बिरगंजका एक किशोरले चुनौती दिएका छन्।

पत्रकार महासंघ, पर्सा शाखाको सभाहलमा बिहीबार पत्रकार सम्मेलन गरी बीरगंज उप-महानगरापलिका वडा नं. १७ कान्तिपथका १७ बर्षिय युवक कुमार अशिषले यसरी चुनौती दिएका हुन्। उनले गुरुत्व आकर्षण सम्बन्धिको यी बैज्ञानीकहरुको सिद्धान्त असफल रहेको पत्रकार सम्मेलनमा दावी गरेका छन्। आशिष बीरगंज स्थित ज्ञान ज्योति माविका अध्ययनरत छात्र भएको बताइएपनि सो विधालयले भने अनविज्ञता जनाएको छ।

# गौरीशंकरको जन्मजयन्ती सम्पन्न

■कृपा संवाददाता——

निजगढ, १० माघ / श्री गौरी शंकर उच्च मावि निजगढको ३४ औं जन्मयन्ती तथा ३३ औं अभिभावक दिवस बिहीबार एक समारोहबीच सम्पन्न भयो।

कार्यक्रममा एउटै बिद्यालयमा लगातार ३२ बर्ष प्रअ रही निरन्तर सेवा गरी भर्खरै अवकाश लिनु भएका उच्च माविका प्रअ कृष्ण प्रसाद उपाध्यायलाई अभिभावकका तर्फबाट प्रअ उपाध्यायले आफू प्रअ रहंदाको कार्यकालमा अभिभावक, विद्यार्थी राजनैतिक दल, समाजसेवीहरुको सहयोगमा बिद्यालयका सम्पुर्ण कार्यलाई निर्विवाद रुपमा अघि बढाउन सहयोग मिलेको बताउनु हुंदा सो विद्यालयबाट अवकाश प्राप्त भएपनि अझ सक्दो सहयोग गरी विद्यालयको उन्नती प्रगती गर्न सदैव तयार रहने, नव प्रअको कार्यकाल पनि सबैको सहयोग सुझाबाट संचालन भई रहने भन्ने शुभकामना समेत दिनु भएको थियो।

बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष एक बहादुर श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको सो कार्यक्रममा एमाले केन्द्रीय सदस्य पुरुषोत्तम पौडेलको प्रमुख आतित्य रहेको थियो। पूर्व प्रअलाई सम्मान पत्र दिनुहुंदै 'शिक्षा क्षेत्रको विकासले नै राष्ट्रको सर्वागिंण विकास हुने हुंदा गुणस्तरीय शिक्षाको विकास गर्न सबै पक्षको सहयोग, सुझावको आवश्यकता हुने कुरा बताउनुभयो।

बिद्यालयका प्रअ सुदर्शन कोइरालाले विद्यालयको प्रगती बिवरण र लेखापाल रुद्र धितालले ९० लाख, २ हजार २ सय ८४ रुपैया ७ पैसाको आय व्यव बिवरण चालु आर्थिक बर्षका बिवरण प्रस्तुत गर्नु भयो। बिधालय निरिक्षक रामबाबु ठाकुर, गौरी शंकर क्याम्पसका प्रमुख राम प्रसाद गौतम, शिक्षक राम कुमार शर्मा, स्थानीय राजनीतिक दलका प्रतिनिधीहरुले मन्तब्य समेत राख्नु भएको थियो।

कार्यक्रममा शैक्षिक र अतिरिक्त कियाकलापमा उत्कृष्ठ विद्यार्थीहरुलाई पुरस्कार बितरण गरिएको थियो। कार्यक्रमका संचालक शिक्षक हुदेय देव बहादुर वाईवा र बोधनाथ चौलगाई रहनु भएको थियो।

## आजको रासिफल

| | | | |
|---|---|---|---|
| मेष | मन स्थिर हुनेछ। | तुला | शुभ यात्रा सफल हुनेछ। |
| बृष | कार्यमा सफलता मिल्नेछ। | वृष्चिक | काम बन्नेछ। |
| मिथुन | बोलीको प्रभाव वढनेछ। | धनु | विद्यामा प्रगति हुनेछ। |
| कर्कट | आर्थिक उन्नती हुनेछ। | मकर | उत्साह वढनेछ। |
| सिंह | प्रेम प्रस्ताव वढनेछ। | कुम्भ | आर्थिक लाभ हुनेछ। |
| कन्या | प्रेममा सफलता मिल्नेछ। | मीन | स्वास्थ्यमा सुधार आउनेछ। |


## सुवर्ण अवसर

**एक रिल फोटो धुलायबापत एउटा ६X८ साइजको फोटो र १ पिस फोटो एलबम सितैमा।**

**हाम्रो सेवाहरू :**

•फोटोग्राफी•फोटोकापी•फोटोफ्रेमिङ•भिडियोग्राफी•मिक्सिङ•फोन•रूयाक्स• PP साइजको फोटो २ मिनेटमा•फोटो लेमिनेशन लगाएतका सम्पुर्ण स्टूडियो समानको लागि हामीलाई सम्झनुहोस्।

नोटः- १२ मिनेटमा १ रिल डेभलपिङ र ५ मिनेटमा प्रिन्टीङ गरिन्छ।

**किरण फोटो स्टूडियो एण्ड कलर ल्याब**
**चन्द्रनिगाहपुर, रौतहट (मेन रोड)**



## नेशनल मेडिकल कलेज नै किन ?

यस अस्पतालका विशिषताहरू:
सबै रोगको अत्याधुनिक मेशिनबाट सुक्ष्म उपचार
स्वदेशी तथा विदेशी दक्ष चिकित्सकहरूद्वारा स्वास्थ्य परीक्षण
सम्पूर्ण रोगको अलग-अलग विशेषज्ञहरूद्वारा उपचार
यसका अलावा सम्पूर्ण सुविधाबाट सुसज्जित

**नेशनल मेडिकल कलेज**
वीरगंज-१८, भेडियाही, पर्सा
फोन नं. ०५१-५३२२६०, ५३२२६१, ५२२९३६

## मेरो नेपाल



खेलौंना फूटवल: वीरगंजको आर्दशनगर रंगशालालाई माटोले पुरेर सम्म पार्न खोजिदै, वर्षा याममा पानीपरेपछि स मैदान हिलो हुने गर्थ्यो। तस्वीर: राम क्षेत्री

## तिमिल्सिनाको चटनी



जसले गर्दा सत्तामा मौज गर्न पाइयो।
उसकै विरुद्ध कसरी बोल्ने
सुस्ता हाम्रै हो भनि जान्दा जान्दै पनि
सिमा मिचिस भनि कसरी मुख खोल्ने।
जनतालाई झुक्याउन भन्नु पर्ला
सरकार सँग कुरा उठाएका छौ
हाम्रै मनपेट पाएर सिमा मिचिन्छ
भनि जनता सामु कसरी गुहय खोल्ने

## चुरे पहाडबाट हेर्दा काठ तस्करी कसले रोक्ने ?



बाराको सहजनाथ साझेदारी वन नजिक चिरान खोलेर दैनिक १०० औं क्यूविक फिट काठ बाराको मटिअर्वा नाकाबाट भारत तर्फ भित्रयाउने जादोलाललाई कासले कारवाही गर्ने भन्ने तर्फ सुलसुलेको चासो बढ्दा सुरक्षाको लागि मटिअर्वामा खटेका गम्भिरा जस्ता प्रहरी नै तस्करीमा संलग्न भएको भेटिएपछि सुलसुले छक्क पर्दै प्रजिअको निर्णयको बाटो हेर्न थाल्यो।

# सरकारद्वारा तीन चरणमा गरी सुरक्षा योजना सार्वजनिक

■कृपा संवाददाता———

काठमाण्डौ , १० माघ / नेपाल सरकारले आउँदो चैत २८ गते सम्पन्न हुन गइरहेको संविधान सभाको निर्वाचनलाई मध्यनजर गरी सुरक्षा सबन्धि योजना सार्वजनिक गरेको छ। विहीवार संसदको विशेष सुरक्षा बैठकमा बोल्दै गृहमंत्री कृष्ण प्रसाद सिटौलाले उक्त योजना सार्वजनिक गर्नुभएको हो। विशेष गरी चुनावलाई लक्षित गरी सरकारले ६४ हजार प्रहरी र ६९ हजार म्यादी प्रहरी खटाउने जानकारी पनि मंत्री सिटौलाले दिनुभयो

म्यादी प्रहरीको छनौट प्रकृया प्रारम्भ भई सकेको जानकारी पनि सो अवसरमा सिटौलाले दिनुभयो। तराईको सदरमुकामसँग जोडिएको एउटा मतदान केन्द्रमा ७५ जना प्रहरी र ५० जना म्यादी प्रहरीलाई खटाइने र सदरमुकामसँग नजोडिएका मतदान केन्द्रमा ५० जना प्रहरीलाई र ३५जना म्यादी प्रहरीलाई खटाउने जानकारी पनि मंत्री सिटौलाले दिनुभयो। त्यसैगरी बारा, पर्सा लगायतका पूर्वी पहाडका केही जिल्लालाई समेट्ने गरी विशेष सुरक्षा योजना समेत सरकारले लागु गर्ने भएको छ। चुनावलाई दृष्टिगत गरी ६वटा हेलिकप्टरको व्यवस्था समेत सरकारले गरेका छ।

पहिलो चरण अन्तरगत माघ १५ गतेदेखि फागुन ७ गतेसम्म , फागुन ८ गतेबाट चैत २७ गतेसम्म दोश्रो चरणाको सुरक्षा योजना र तेश्रो तथा अन्तिम चुनावपछि विजय जुलुस मनाउने समयसम्मका लागि गरी तीन चरणको सुरक्षा योजना गृहमंत्री सिटौलाले सो अवसरमा सार्वजनिक गर्नुभयो।

# एक हप्ताभित्र माग पूरा गर्न आनन्दीको अल्टिमेटम

उता, नेपाल संद्भावना आन्नदी देवीले एकहप्ता भित्रमा आफ्ना मागहरु पूरा नगराइए सो पार्टी सरकार सदन र सातदलीय गठबन्धनबाट अलगिने चेतावनी

- शेष: पृष्ठ ३ मा

## समाचार संक्षेप

### मोर्चाद्वारा यातायात सुचारु नगर्न आग्रह

■कृपा संवाददाता———

वीरगंज, १० माघ / संयुक्त मद्येशी मोर्चा पर्साले शुक्रवार एक दिनका लागि यातायात सुचारु नगर्नका लागि सम्बन्धित सबैलाई आग्रह गरेको छ। सो मोर्चाले घोषणा गरेको दोश्रो चरणको कार्यक्रम अन्तरगत शुक्रवार एक दिन मात्र चक्का जाम र यातायात बन्दको आह्वान गरेका कारण यातायात सेवा सूचारु नगर्नका लागि आग्रह गरेको हो। सद्भावना पार्टीका जिल्ला सचिव शिव पटेल र मद्येशी जनअधिकार फोरमका पर्सा जिल्ला सचिव उमेश लाल सहनीले संयुक्त विज्ञप्ति जारी गरी यसरी आग्रंह गर्नु भएको हो।

दोश्रो चरणको आन्दोलन अर्न्तगत शुक्रवार जिल्ला सदरमुकामहरुमा चक्का जाम गर्ने जारी विज्ञप्ति मार्फत जनाएको छ।

### फोरम गुप्ता समूहको जिल्ला कमिटी गठन

■कृपा संवाददाता———

कलैया, १० माघ / मधेशी जनअधिकार फोरम गुप्ता समूहको बारा जिल्ला कार्य समिति गठन गरिएको छ।

सो पार्टीका केन्द्रीय कोषाध्यक्ष जय करण प्रसाद यादवको विशेष उपस्थितिमा मोहन प्रसाद यादवको अध्यक्षतामा ११ सदस्यीय कमिटी गठन गरिएको हो। कलैया स्थित सिदेश्वर विधालयमा गठन गरिएको समितिका उपाध्यक्षमा उमाशंखर प्रसाद, सचिव शिवनाथ प्रसाद कुशवाह तथा कोषाध्यक्ष लक्ष्मी नारायण साह रहेका छन् भने कैलाश प्रसाद यादव, पप्पु कुमार, लालबावु महतो लगायतका सदस्यमा रहेको सो पार्टीका पर्सा अध्यक्ष विराज यादवले जनाएका छन्।


UTL

Wave

ग्राहकवर्गको चाहनाको सम्मानमा यूटीएल प्रस्तुत गर्दछ

प्रिपेड एचएचटी

सेवा शुभारम्भको अवसरमा
रु. ५००/- टक भ्यालु र एफएमसहितको
एचएचटी प्रिपेड सेट मात्र २५१०/- रुपैंयामा

टक भ्यालुको अवधि ९ महिना

यो अफर सीमित अवधिका लागि

स्थानीय कल महसुल*

| समय | कल महसुल (प्रति मिनेट) |
|---|---|
| ०६:०० - २२:०० | रु. १/५० |
| २२:०० - ०६:०० | रु. १/- |




युनाइटेड टेलिकम लिमिटेड

रोमिङ सुविधा सहित

सुपथ मूल्य, भरपर्दो सेवा